बडीमालिका नगरपालिका

# स्थानीय राजपत्र

खण्ड:५ संख्या:[illegible] मिति:२०७८ माघ ३ सोमबार

भाग २

## विद्यालय र स्वास्थ्य संस्था लेखापरीक्षण कार्यविधि,२०७८

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहायबमोजिम प्रकाशन गरिएको छ।

आज्ञाले,

रंगमल वि क

प्रमुख प्रशासकीय अधिकृत

बडीमालिका नगरपालिका

**विद्यालय र स्वास्थ्य संस्था लेखापरीक्षण कार्यविधि,२०७८**

**(स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ज) (झ) सँग सम्वन्धित)**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११(२) (ज) र (झ) मा रहेको विद्यालयको शिक्षा सम्वन्धी काम,कर्तव्य र अधिकार एवं प्रशासकीय कार्यविधी नियमित गर्न बनेको कार्यविधि २०७६ को दफा (३) ले दिएको अधिकार प्रयोग गरी **विद्यालय र स्वास्थ्य संस्थाहरूको लेखापरीक्षण कार्यविधि,२०७८** जारी गरी लागु गरिएको छ।

**परिच्छेद-१**

**परिभाषा**

**१.(क) संक्षिप्त नाम र प्रारम्भ :** यस कार्यविधिको नाम **"बडीमालिका नगरपालिका विद्यालय र स्वास्थ्य संस्था लेखापरीक्षण कार्यविधी,२०७८"** रहेको छ।

(ख) यो कार्यविधी बडीमालिका नगरपालिका क्षेत्रभित्र लागु हुनेछ।

(ग) यो कार्यविधी तुरून्त प्रारम्भ हुनेछ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,**

(क) **"ऐन"** भन्नाले स्थानीय सरकार संचालन ऐन,२०७४ सम्झनु पर्दछ।

(ख) **"कार्यविधी"** भन्नाले **"बडीमालिका नगरपालिका क्षेत्र भित्रका विद्यालय र स्वास्थ्य संस्थाको लेखापरीक्षण सम्वन्धी कार्यविधी,२०७८"** सम्झनु पर्दछ।

(ग) **"न.पा."** भन्नाले बडीमालिका नगरपालिकालाई सम्झनु पर्दछ।

(घ) **"प्रमुख"** भन्नाले बडीमालिका नगरपालिकाको प्रमुख लाई सम्झनु पर्दछ।

(ङ) **"उपप्रमुख"** भन्नाले बडीमालिका नगरपालिकाको उपप्रमुख लाई सम्झनु पर्दछ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बडीमालिका नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(छ) **"शिक्षा शाखा"** भन्नाले बडीमालिका नगरपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ।

(ज) **"शिक्षा अधिकारी"** भन्नाले बडीमालिका नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखलाई सम्झनु पर्दछ।

(झ) **"लेखापरीक्षण"** भन्नाले आन्तरीक र अन्तिम लेखापरीक्षण कार्य लाई जनाउदछ।

(ञ) "लेखापरीक्षक" भन्नाले लेखापरीक्षण गर्ने कार्यको लागि प्रमाण-पत्र प्राप्त व्यक्ति/संस्था/कम्पनी वा फर्मलाई जनाउदछ।

(ट) **"आन्तरीक लेखापरीक्षक"** भन्नाले बडीमालिका नगरपालिका आन्तरीक लेखापरीक्षण शाखा प्रमुखलाई जनाउदछ।

(ठ) **"स्वास्थ्य संस्था"** भन्नाले बडीमालिका नगरपालिका क्षेत्र भित्रका स्वास्थ्य चौकी, अस्पताल, शहरी स्वास्थ्य केन्द्र एवं नगरपालिकको स्वामित्वमा रहेका स्वास्थ्य संस्थालाई जनाउदछ।

(ड) **"विद्यालय"** भन्नाले बडीमालिका नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालय र संस्थागत विद्यालयहरूलाई जनाउदछ।

## परिच्छेद-२

### लेखापरीक्षक सम्वन्धी व्यवस्था :

३. सम्वन्धीत विद्यालयले लेखापरीक्षणका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय सहित कम्तिमा ३ वटा दर्तावाला लेखापरीक्षक सिफारिस गरी तोकिएको समयावधी भित्र बडीमालिका नगरपालिकाको आन्तरीक लेखापरीक्षण शाखामा पठाउनुपर्नेछ। यदि नगरपालिकाबाट कम्तिमा ३ वटा लेखापरीक्षकको नाम विद्यालयलाई प्राप्त नभएको खण्डमा ३ भन्दा कमको नाम सिफारिस गर्न वाधा पुग्ने छैन।

**४. लेखापरीक्षक नियुक्तीका लागि संलग्न गर्नुपर्ने कागजातहरू:**

(क) लेखापरीक्षकको नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपी।

(ख) आन्तरीक राजश्व कार्यालयबाट करदर्ता प्रमाण-पत्र र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी।

(ग) नागरिकता प्रमाण-पत्रको प्रतिलिपी।

(घ) लेखापरीक्षक बहालवाला कर्मचारी भए विभागिय स्वीकृति पत्रको प्रतिलिपी।

५. लेखापरीक्षक सम्वन्धी आशय निवेदनको ढाँचा, सिफारिसको ढाँचा, नियुक्तीको ढाँचा, आशयको सूचनाको ढाँचा क्रमश: अनुसूची-१,२,३,४ बमोजिम हुनेछ।

## परिच्छेद-३

### लेखापरीक्षक छनौट समिति

**६. लेखापरीक्षण छनौट समिति देहाय बमोजिम हुनेछ:**

**संयोजक** :- प्रमुख प्रशासकीय अधिकृत, बडीमालिका नगरपालिका

**सदस्य**: शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख

**सदस्य** : आर्थिक प्रशासनन शाखा प्रमुख

**सदस्य-सचिव** : आन्तरीक लेखापरीक्षण शाखा प्रमुख

(यस नगरपालिकामा आन्तरीक लेखापरीक्षण शाखामा स्थायी रूपमा कर्मचारीको व्यवस्था नभएको अवस्थामा शिक्षा शाखा प्रमुखले सदस्य-सचिव रहने)

**६.१ लेखापरीक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

क. आर्थिक वर्ष शुरू भएको एक महिना भित्र लेखापरीक्षणको लागि राष्ट्रीय स्तरको पत्रीकामा १५ (पन्ध्र दिनको र न.पा.को वेबसाईटमा आशयपत्र मागका लागि सार्वजनिक सूचना प्रकाशित गर्ने,

ख. लेखापरीक्षक छनौटका लागि मापदण्ड एवं सूचक तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउने,

ग. प्रकरण (क) बमोजिम प्राप्त आवेदन उपर छानविन गर्ने,

घ. लेखापरीक्षक नियुक्ती गरी सम्वन्धित लेखापरीक्षक र विद्यालय, स्वास्थ्य संस्थालाई लिखित जानकारी गराउने,

ङ. लेखापरीक्षण सम्वन्धमा आईपरेका समस्या उपर लेखापरीक्षण छनौट समितिको बैठक बसी आवश्यक निर्णय गर्ने,

च. सामुदायिक विद्यालय र स्वास्थ्य संस्थाहरूको कम्तिमा चौमासिक रूपमा लेखापरीक्षण प्रतिबेदन उपर अध्ययन गरी बेरूजु सम्परीक्षण गर्न/गराउन सहजिकरण एवं निर्देशन दिने,

छ. विद्यालय र स्वास्थ्य संस्थाहरूको एक आर्थिक वर्षमा कम्तिमा १ पटक स्थलगत अध्ययन गरी लेखा एवं लेखापरीक्षण सम्वन्धमा अनुगमन निरीक्षण गरी प्रतिबेदन न.पा.समक्ष पेश गर्ने,

ज. न.पा.ले तोके बमोजिमका लेखापरीक्षण सम्वन्धी अन्य कार्य गर्ने,

झ. सम्वन्धित विद्यालय र स्वास्थ्य संस्थाबाट कम्तिमा ३ जना लेखापरीक्षकको नाम सिफारिस गरी माग गर्ने

ञ. तोकिएको अवधि भित्र लेखापरीक्षकको नामावली प्राप्त नभएमा माथि उल्लेखित समितिले लेखापरीक्षक छनौट गर्ने।

**७. विद्यालय र स्वास्थ्य संस्थाको कर्तव्य :**

क. बडीमालिका नगरपालिकाबाट खटाईएको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु सम्बन्धित विद्यालय र स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ।

ख) बडीमालिका नगरपालिकाबाट खटाईएको लेखापरीक्षकबाट लेखापरीक्षण नगराएमा, उक्त विद्यालयको निकासा लगायतका अन्य सेवामा रोक लगाउन सक्नेछ। भने स्वास्थ्य संस्थाको निकासा समेत रोक्न सकिनेछ।

८. बुदा नं. ६ बमोजिम लेखापरीक्षण छनौट समितिको सिफारिसमा विद्यालय र स्वास्थ्य संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षकको नियुक्ती प्रमुख प्रशासकीय अधिकृतबाट दिनेछ।

## परिच्छेद-४
## पारिश्रमिक

९. लेखापरीक्षण गरे बापत सम्वन्धित विद्यालय र स्वास्थ्य संस्थाबाट देहाय बमोजिमको पारिश्रमिक दिनुपर्नेछ। आय-व्यय विवरणमा स्थिर सम्पत्ति मूल्यांकन र मुद्दती खाताको रकम समावेश हुने छैन्।

क. शुरू रू २०,००,०००।- (बिस लाख) सम्म रू ५,०००।– र त्यसपछि बिस लाख भन्दा माथिको रकममा सय कडा ०।२२ (बाईस) पैसाका दरले प्रतिवेदन बुझाए पछि बिद्यालय र स्वास्थ्य संस्थाबाटै रकम भुक्तानी हुनेछ।

ग. उक्त पारिश्रमिक रकममा आयकर नियमानुसार कट्टी हुनेछ।

घ. विद्यालय र स्वास्थ्य संस्थाले न.पा.ले तोकेको रकम भन्दा बढी पारिश्रमिक दिन पाउनेछैन।

१०. माथि उल्लेखित रकम भन्दा बढी रकम लेखापरीक्षकबाट दावी गर्न पाईनेछैन। लेखपरीक्षकले नियमानुसार हुन आउने रकम भन्दा बढी माग गरेमा सम्वन्धित विद्यालय र स्वास्थ्य संस्थाले रकम भुक्तानी नगरी तुरून्त न.पा.मा जानकारी गराउनु पर्नछ। उक्त लेखापीक्षकको नियुक्ती रद्द गर्नेछ।

## परिच्छेद-५
## आन्तरीक लेखापरीक्षण

११. प्रत्येक वर्षमा बडीमालिका नगरपालिका सामुदायिक विद्यालय र नगरपालिका क्षेत्र भित्रका स्वास्थ्य संस्थाहरूको आन्तरीक लेखापरीक्षण ब.न.पा.को आन्तरीक लेखापरीक्षण शाखाबाट हुनेछ। सामान्यतया चौमासिक रूपमा आन्तरीक लेखापरीक्षण गरी सोको प्रतिबेदन सम्वन्धित विद्यालय, स्वास्थ्य संस्था र न.पा.समक्ष पेश गर्नुपर्नेछ।

११.१ हाल आन्तरीक लेखापरीक्षण शाखामा कर्मचारीको स्थायी रूपमा पदपूर्ति नहुँदासम्म प्रत्येक वर्ष ब.न.पा.ले नमुना छनौटको आधारमा कम्तिमा १२ (बाह्र) सामुदायिक विद्यालयहरूको आन्तरीक लेखापरीक्षण आ.ले.प.को जिम्मेवारी तोकिएका कर्मचारीबाट सम्पादन गराउन सक्नेछ।

१२. आन्तरीक लेखापरीक्षण गरे बापतको पारिश्रमिक लिन/दिन पाईने छैन र लेखापरीक्षण अवधिको दैनिक भ्रमण भत्ता रकम नेपाल सरकारको भ्रमण खर्च नियमावली २०६४ बमोजिम हुनेछ।

## परिच्छेद -६



CamScanner

**लेखापरीक्षण प्रतिबेदन उपर कारबाही**

१३. लेखापरीक्षकले दिएको लेखापरीक्षण प्रतिबेदन स्तरीय र सन्तोषजनक नभएको भनि सम्वन्धित विद्यालय र स्वास्थ्य संस्थाले सहशुस गरेमा विद्यालय व्यवस्थापन समिति र स्वास्थ व्यवस्थापन समितिको निर्णय सहित न.पा. शिक्षा, युवा तथा खेलकुद शाखा, स्वास्थ्य शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृतले सोको जानकारी महालेखा परीक्षकको कार्यालय समक्ष पुष्टयाई सहित पठाउनु पर्नेछ। उक्त लेखापरीक्षण प्रतिबेदन उपर महालेखा परीक्षकको कार्यालयबाट प्राप्त निर्देशन वा सुझावको कार्यान्वयन गर्ने जिम्मेवारी न.पा.को हुनेछ।

**परिच्छेद -७**

**बेरूजु सम्परीक्षण**

१४. आन्तरीक र अन्तिम लेखापरीक्षणबाट कायम भएका बेरूजुको प्रमाण पेश वा नियमित गरी/गराई वा असुल उपर गरी/गराई फर्च्यौट गर्ने दायित्व अधिकार प्राप्त अधिकारीको हुनेछ।

१५. बेरूजु फछ्यौट गरी सम्परीक्षण गराउने दायित्व भएको अधिकार प्राप्त अधिकारी वा कर्मचारी सरूवा बढुवा वा अवकास भई कार्यालय छाड्नु पर्दा निजले फछौंट गर्न बाँकी रहेको बेरूजु लगत तथा कारोबारो सम्वन्धि कारबाहीको सम्पूर्ण विवरण खोली वहालवाला जिम्मेवार प्राप्त अधिकारीलाई बुझाउनु पर्नेछ। जिम्मेवारी प्राप्त अधिकारीले उपयुक्त बमोजिम बुझिलिई बेरूजु फर्च्छौट गर्नु गराउनु पर्नेछ।

**परिच्छेद -८**

**विविध**

१६. एउटै लेखापरीक्षलाई एउटै विद्यालय, स्वास्थ्य संस्थामा लगातार तीनपटक भन्दा बढी नियुक्ती गर्न पाईने छैन।

१७. न.पा.ले खटाइएको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु सम्वन्धित विद्यालय र स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ।

१८. न.पा.बाट खटाईएको लेखापरीक्षकबाट लेखापरीक्षण नगराएमा उक्त विद्यालय र स्वास्थ्य संस्थाको निकासा न.पा.ले रोक्का गर्न सक्नेछ।

१९. लेखापरीक्षणका लागि पेश गरेका आशयको निबेदनका आधारमा सबै लेखापरीक्षकहरूलाई सन्तुलनका आधारमा विद्यालय र स्वास्थ्य संस्थाको लेखापरीक्षण गर्न नियुक्ती गरिनेछ

## अनुसूची-१
## लेखापरीक्षकले दिने निबेदनको ढाँचा

मिति :-२०७/ /

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
बडीमालिका नगरकार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा।

**विषय:- विद्यालयको लेखापरीक्षणका लागि आशय-पत्र पेश गरिएको।**

महोदय,

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालय एवं संस्थागत विद्यालयहरूको आ.व. ...................... को लेखापरीक्षणका लागि प्रकाशित सूचना बमोजिम आशय पत्र माग गरिएकामा, मेरो नाममा रहेको लेखापरीक्षण संस्थाबाट यस नगरपालिका अन्तर्गतका विद्यालयहरूको अन्तिम लेखापरीक्षणका लागि आशयपत्र साथ तपसिल बमोजिमका लेखापरीक्षणसँग सम्वन्धित प्रमाणपत्रहरूको संलग्न गरी पेश गरेको व्यहोरा श्रीमान समक्ष अनुरोध छ।

(लेखापरीक्षक)

**तपसिल**

क) पेशागत प्रमाण-पत्रको नविकरण सम्वन्धी फोटोकपी-१
ख) प्यान/भ्याट दर्ताको फोटोकपी-१
ग) चालु आ.व.भन्दा अगाडिको करचुक्ता प्रमाण-पत्र -१
घ) नागरिकताको प्रतिलिपी-१
ङ) संस्थाको प्रोफाईल-१

**अनुसूची-२**
**लेखापरीक्षक सिफारिसको ढाँचा**

बडीमालिका नगरपालिका
........................... विद्यालय
बडीमालिका ............... बाजुरा ।

पत्रसंख्या :-
च.न.: मिति:-
श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
बडीमालिका नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, मार्तडी बाजुरा ।
मार्तडी बाजुरा ।

**विषय :- लेखापरीक्षकको नाम सिफारिस गरी पठाइएको ।**

प्रस्तुत विषयमा यस विद्यालयको व्यवस्थापन समितिको मिति .................. मा बसेको बैठकबाट यस आर्थिक वर्षसम्मको अन्तिम लेखापरीक्षणका लागि तहाँ कार्यालयबाट प्रेशित लेखापरीक्षकहरूको सूची मध्येबाट तपसिल बमोजिम ३(तीन) जना लेखापरीक्षकहरूको नामावली सिफारिस गर्ने निर्णय भएको छ । सोही बमोजिमका नामावली मध्येबाट एक जना लेखापरीक्षक नियुक्ती गरी दिन हुन अनुरोध छ।

| क्र.स. | नाम,थर | प्र.प्र.नं. | मोवाईल नं. |
|---|---|---|---|
| १ | श्री | | |
| २ | श्री | | |
| ३ | श्री | | |

(प्रधानाध्यापक)

अनुसूची-३

लेखापरीक्षक नियुक्तीको ढाँचा

बडीमालिका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

(                    )

मार्तडी, बाजुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :- २०७६/०७७/

चलानी नं.:-

मिति :-

श्री .........................

उपर्युक्त विषयमा तपसिल बमोजिमको विद्यालयको आ.व. ............. सम्म लेखापरीक्षण गर्न तपाईलाई यस कार्यालयको मिति .......... को निर्णयानुसार लेखापरीक्षकमा नियुक्ती गरिएकोछ । नियमानुसार परीक्षण गरी प्रतिबेदन यस कार्यालयमा पेश गर्न हुन अनुरोध छ ।

**अन्तिम लेखापरीक्षण गर्न तोकिएका विद्यालय**

| सि.न. | विद्यालयको नाम,ठेगाना | सि.न. | विद्यालयको नाम, ठेगाना |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

१. विद्यालयको लेखापरीक्षण गर्दा सरकारी अनुदान तथा विद्यालयको आन्तरीक स्रोतबाट भएको यथार्थ आय-व्यय देखिने गरी पेश गर्नुपर्नेछ।

२. विद्यालयको भौतिक सम्पत्ती, जिन्सी सामान तथा जग्गा सम्वन्धित विवरण स्पष्ट रूपमा खुलाउनु पर्नेछ।

३. आम्दानी र खर्च प्रचलित ऐन, नियम अनुसार भए/नभएको हेर्नुपर्नेछ ।

४. विद्यालको ले.प.कार्य गर्दा विद्यालय व्यवस्थापन समितिलाई समेत जानकारी गराई गर्नुपर्दछ।

५. लेखापरीक्षण प्रतिबेदन, लेखापरीक्षक नियुक्ती भएको १५ (पन्ध्र) दिन भित्र पेश गरी सक्नुपर्नेछ।

६. आय-व्यय विवरण स्थिर सम्पत्ती मूल्याङ्कनको रकम र मुद्दति खाताको रकम समावेश हुनेछैन ।लेखापरीक्षकले प्राप्त गर्ने पारीक्षमिक आय-व्यय विवरणका आधारमा कार्यविधिको दफा ९ उल्लेख भए बमोजिम २० लाखसम्म आय-व्ययमा रू ५००० र त्यसपछि सयकडा ०/२२ पैसा (बाईस पैसा) प्रतिबेदन बुझाए पछि विद्यालयबाटै रकम भुक्तानी हुनेछ।

७. लेखापरीक्षण गर्दा, विद्यालयले घरभाडा भुक्तानी गर्दा अग्रिमे कर कट्टी गरे/नगरेको, करयोग्य आय भएका शिक्षकहरूको करकट्टी गरे/नगरेको, तलव भुक्तानी गर्दा १% (प्रतिशत) सामाजिक सुरक्षा कर कट्टी गरे/नगरेको, स्थायी शिक्षकहरूको क.स.कोष, नालकोष, साविधिक जीवन विमा बापतको रकम कट्टी गरी ती रकमहरू समयमै सम्वन्धित खातामा दाखिला गरे/नगरेको विवरण समेत पेश गर्नुपर्नेछ।

८. भौतिक निर्माण तर्फ विभिन्न शिर्षकमा निकासा भएको रकम सम्वन्धित शिर्षकहरूमा खर्च/नभएको प्रतिबेदनमा उल्लेख गर्नुपर्नेछ।

९. कार्यालयबाट छात्रवृत्ती र पाठ्यपुस्तक सहित अन्य शिर्षकहरूमा निकासा भएको रकम विद्यार्थीलाई वितरण गरे/नगरेको प्रतिबेदनमा उल्लेख गर्नुपर्नेछ।

१०. उपरोक्त लेखिए बाहेकका अन्य कुराहरू, स्थानीय शिक्षा ऐन अनुसार गर्ने/गराउने र सोही बमोजिम प्रतिबेदन पेश गर्नुपर्नेछ । भ्याटमा दर्ता नभएका लेखापरीक्षकहरूको पारीश्रमिक भुक्तानी गर्दा १५% हुने



CamScanner

रकम अग्रिम आयकर बापत कट्टा गरी भुक्तानी हुनेछ, तर भ्याटमा दर्ता भएका लेखापरीक्षकहरूको पारीश्रमिक भुक्तानी गर्दा १.५% अग्रिम आयकर कट्टी गरी भुक्तानी दिनुपर्नेछ।

११. तोकिएको समयमा प्रतिबेदन कार्यालयमा प्राप्त नभएमा अर्को लेखापरीक्षक पठाई लेखापरीक्षण कार्य सम्पादन गराईनेछ।

१२. लेखापरीक्षण गर्दा प्रचलित लेखापरीक्षण मापदण्डहरू, लेखापरीक्षण ऐन तथा नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्थाबाट जारी भएको विद्यालयको लेखापरीक्षण निर्देशिकालाई समेत अवलम्वन गर्नुपर्नेछ।

(प्रमुख प्रशासकीय अधिकृत)

**बोधार्थ**

श्री ........................ विद्यालय/स्वास्थ्य संस्था : उपर्युक्त अनुसार त्यस विद्यालय/ स्वास्थ्य संस्थाको आ.व.............. सम्मको लेखापरीक्षण सम्पन्न गराई सोको जानकारी यस कार्यालयलाई समेत गराउन हुन एवं नियमानुसार करकट्टी गरी लेखापरीक्षकको पारीश्रमिक त्यसै विद्यालयबाट भुक्तानी दिन हुन अनुरोध छ।

अनुसूची-४

## आशयको निबेदन माग गर्ने सम्वन्धी सूचनाको नमूना

## सामुदायिक विद्यालयको लेखापरीक्षणको लागि आशय पेश गर्ने सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति:**

यस नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरूको आ.व. ----------- सम्मको अन्तिम लेखापरीक्षण गर्न चार्टर्ड एकाउन्टेन्टस संस्थामा आवद्ध इच्छुक लेखापरीक्षण सम्वन्धी फर्म/कम्पनीलाई देहायका कागजातहरू संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आशयको निबेदन यस कार्यालयमा पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**आवेदकले दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू**

१. फर्म/कम्पनी दर्ता प्रमाणपत्र र सोको नविकरण प्रतिलिपी
२. करचुक्ता प्रमाण पत्र प्रतिलिपी
३. प्यान/भ्याट दर्ताको प्रमाणपत्र प्रतिलिपी
४.फर्म/कम्पनी सुचीकृत हुने निबेदन
५. प्रोफाईल